बैठक मितिः २०८०/१२/२७

बैठक सङ्ख्याः ३२

छलफल तथा निर्णयः

१. आयोगको स्वीकृत वार्षिक कार्यक्रम मध्येको आन्तरिक मूल्याङ्कनको कार्यक्रम, चालू आ.व. २०८०/८१ को आषाढ मसान्तभित्र सम्पन्न गर्ने गरी तपसिल बमोजिमका विकास कार्यक्रम तथा आयोजनाहरुलाई छनोट गर्ने निर्णय गरियो।

| क. सं. | कार्यक्रम/आयोजना | सम्बन्धित मन्त्रालय |
|---|---|---|
| १. | एकल विन्दु सेवा केन्द्र | स्वास्थ्य तथा जनसँख्या मन्त्रालय |
| २. | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ३. | पर्यटन पूर्वाधार विकास कार्यक्रम | सँस्कृति, पर्यटन तथा उड्डयन मन्त्रालय |
| ४. | साना किसान लघुवित्त सँस्थाको पशुपालन (मासुजन्य तथा दुग्धजन्य) कर्जा तथा पशुधन कार्यक्रम | अर्थ मन्त्रालय |
| ५. | नयाँ शहर आयोजना | शहरी विकास मन्त्रालय |

२. विशेष अनुदान सम्बन्धी कार्यविधि (संशोधन सहित), २०७७ को दफा ५ उपदफा १ अनुसार गठित समितिको सिफारिश बमोजिम छनौट भएका आयोजना/कार्यक्रमहरूको विवरण सहितको जानकारी सोही समितिका संयोजक/सदस्यले नियमानुसार अर्थ मन्त्रालयमा पठाउने गरी अधिकार प्रत्यायोजन निर्णय गरियो।

३. समपुरक अनुदान सम्बन्धी कार्यविधि (संशोधन सहित), २०७७ को दफा ५ उपदफा १ अनुसार गठित समितिको सिफारिश बमोजिम छनौट भएका आयोजना/कार्यक्रमहरूको विवरण सहितको जानकारी सोही समितिका संयोजक/सदस्यले नियमानुसार अर्थ मन्त्रालयमा पठाउने गरी अधिकार प्रत्यायोजन निर्णय गरियो।